# कृषि विकास शाखाबाट अनुदानमा सञ्चालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि

## २०८१

**पञ्चेश्वर गउँपालिकाको कार्यलय**

**आम्चौरा, बैतडी**



Scanned with CamScanner

## कृषि विकास शाखाबाट अनुदानमा सञ्चालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१

### प्रस्तावना

मूलुकको अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगटेको कृषि व्यवसायलाई व्यवस्थित, मर्यादित एवं व्यवसायिक बनाउदै स्वच्छ, स्वस्थ्य एवं गुणस्तरीय कृषि जन्य उत्पादनहरु आम उपभोक्ता समक्ष सहज रुपमा पुग्न सक्ने वातावरण सृजनाका लागि गाउँपालिका स्तरबाट सञ्चालन हुने कृषकलाई लक्षित गरी अनुदानमा सञ्चालन हुने कार्यक्रममा एकरुपता कायम राखि सञ्चालन हुन सकोस भन्ने अभिप्रयाले पञ्चेश्वर गाउँपालिकाले **"स्थानीय सरकार सञ्चालन ऐन २०७४"** को दफा ११, खण्ड (ण) सँग सम्बन्धित कार्यको लागि सोही ऐनको दफा १०२ को उपदफा २ बमोजिम यो कार्यविधि जारी गरेको छ।

### परिच्छेद १

**१.संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम **"अनुदानमा सञ्चालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१"** हुने छ।

ख. यो कार्यविधि **पञ्चेश्वर गाउँपालिका** बाट स्वीकृत भएको मिति देखि लागु हुने छ।

**२. परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **"गाउँपालिका"** भन्नाले पञ्चेश्वर गाउँपालिकालाई सम्झनु पर्दछ।

ख) **"सम्बन्धित कार्यालय"** भन्नाले पञ्चेश्वर गाउँपालिका कृषि विकास शाखालाई सम्झनु पर्दछ र सो शब्दले गाउँपालिका अन्तर्गत वडामा रहेका कृषि सेवा केन्द्र समेतलाई जनाउँदछ।

ग) **"साझेदार"** भन्नाले अनुदानमा लागत सहभागितामा सञ्चालन गर्नका लागि इच्छुक सहकारी, संघ संस्था, कृषि समूह, कृषि फर्म र निजी कृषकलाई समेत जनाउँदछ।

घ) **"साझेदारी"** भन्नाले अनुदानमा कार्यक्रम सञ्चालनका लागि दुई वा दुई भन्दा बढी सरकारी निकायहरु वा सहकारी एवं गैर सरकारी क्षेत्र बीच द्विपक्षीय/बहुपक्षीय सम्झौताका आधारमा हुने लागत सहभागीतालाई समेत जनाउँदछ।

ङ) **"गैर सरकारी क्षेत्र"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायमा कानून बमोजिम दर्ता भएको कृषक समूह/समिति, सहकारी संस्था, सामुदायिक संस्था, संगठन, फर्म, कम्पनी एवं निजी उद्यमी समेतलाई जनाउँदछ।

च) **"द्विपक्षीय/बहुपक्षीय सम्झौता"** भन्नाले सम्बन्धित कार्यालय र साझेदारहरुका बीच अनुदानमा सञ्चालन हुने कार्यक्रम साझेदारीमा सम्पन्न गर्नका लागि गरिएको सम्झौता पत्र सम्झनु पर्दछ।

छ) **"कृषि"** शब्दले बाली, बागवानी, पशु पन्छी, माछा आदि कृषिका सबै उप-क्षेत्रसँग सम्बद्ध उत्पादन, व्यवसायहरु समेत जनाउँछ।

ज) **"सिँचाइ मोटर"** भन्नाले खेतीपाती कार्यमा सिँचाइको लागि प्रयोग गरिने विद्युतिय मोटरलाई सम्झनु पर्दछ।

झ) **"पम्पसेट"** भन्नाले सिँचाइ कार्यको लागि प्रयोग गरिने मेशिनलाई सम्झनु पर्दछ।

ञ) **"स्यालो ट्यूवेल"** भन्नाले जमिन मुनिबाट पानी निकाल्नको लागि गाडने पाइप तथा त्यस सम्बन्धी जडान गर्ने उपकरणलाई सम्झनु पर्दछ।

ट) **"स्प्रेयर वा पावर स्प्रे मेशिन"** भन्नाले बाली विरुवालाई रोग कीराबाट जोगाउन विषादी तथा सूक्ष्म तत्व छर्ने मेशिनलाई सम्झनु पर्दछ।

ठ) **"मिनिटिलर तथा हैण्ड टेक्टर"** भन्नाले जमिन जोत्नको लागि प्रयोग गर्ने सानो टेक्टर मेशिन सम्झनु पर्दछ।

ड) **"थ्रेसर"** भन्नाले धान, गहुँ, मकै, तोरी आदि बाली हार्भेष्टको लागि प्रयोग गरिने मेशिन सम्झनु पर्दछ।

ढ) **"रोटावेटर"** भन्नाले जोताइ कार्यमा प्रयोग गर्नको लागि टेक्टरमा जडान गर्ने उपकरणलाई सम्झनु पर्दछ।

ण) **"लेवलर"** भन्नाले जमिन सम्याउने मेशिनलाई सम्झनु पर्छ।

त) **"मौरी पालन"** भन्नाले मह उत्पादन गर्न मौरी तथा उत्पादन सामाग्रीहरुलाई सम्झनु पर्छ।

थ) **"बीउ बिजन"** भन्नाले खेतीपातीको लागि प्रयोग हुने धान, मकै, गहुँ, जौं, तोरी, सुर्यमुखी, च्याउ, तरकारी, मसला बालीको बीउ समेतलाई सम्झनु पर्छ।

द) **"बेर्ना"** भन्नाले विभिन्न जातको फलफूलको विरुवालाई सम्झनु पर्छ।

द) **"विषादी"** भन्नाले बाली नालीलाई रोगकीराबाट संरक्षण गर्नको लागि रासायनिक तथा जैविक विषादीलाई सम्झनु पर्छ।

न) **"सूक्ष्म तत्व"** भन्नाले बोटविरुवालाई आवश्यक पर्ने सहायक तत्वहरुलाई सम्झनु पर्छ।

प) **"प्लाष्टिक घर"** भन्नाले मौसमी तथा बेमौसमी तरकारी खेती गर्नको लागि प्रयोग गर्ने प्लाष्टिक वा निर्माण गर्दा आवश्यक सामाग्रीहरुलाई सम्झनु पर्छ।

फ) **"डेलेभरी पाइप"** भन्नाले सिँचाइ कार्यमा प्रयोग हुने प्लाष्टिक पाइपलाई सम्झनु पर्छ।

**३. उद्देश्यः**

क) अनुदानमा सञ्चालन हुने कार्यक्रमहरु निश्चित विधि र प्रकृया अन्तर्गत एकरुपता कायम राखि सञ्चालन गर्ने ।

ख) स्वच्छ, स्वस्थ्य एवं गुणस्तरीय कृषि जन्य पदार्थको उत्पापदन, प्रशोधन, विविधिकरण र बिक्री वितरण तथा उपलब्धता सुनिश्चित गर्नमा सघाउ पुऱ्याउने।

## परिच्छेद २

**४. साझेदारी सम्बन्धी व्यवस्थाः**

क) सम्बन्धित कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम बजेट बमोजिम निम्म बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्नका लागि साझेदारी गर्न र गराउन सक्नेछ ।

| क्र.सं. | कार्यक्रम | सम्भावित साझेदारहरु | अनुदान प्रतिशत | क्षेत्रफल /संख्या |
|---|---|---|---|---|
| १ | कृषि औजार तथा उपकरणहरु | व्यवसायिक कृषक, कृषक समूह, समिति, सहकारी,निजी कृषकहरु | ५० प्रतिशत वा आ.वि.स. को निर्णय | कम्तीमा १० कठ्ठा |
| २ | कृषि उत्पादन सामाग्रीहरु (बीउ, बेर्ना र विरुवा) खरिद | व्यवसायिक कृषक, कृषक समूह, समिति, सहकारी,निजी कृषकहरु | ८० प्रतिशत वा आ.वि.स. को निर्णय | संलग्न कृषक सबै |
| ३ | मौरी घार सामाग्री सहिद खरिद | व्यवसायिक कृषक, कृषक समूह , समिति, सहकारी,निजी कृषकहरु | ५० प्रतिशत वा आ.वि.स. को निर्णय | बढीमा १० घार |
| ४ | विषादी, सूक्ष्म तत्व खरिद | व्यवसायिक कृषक, कृषक समूह, समिति, सहकारी,निजी कृषकहरु | १०० प्रतिशत वा आ.वि.स. को निर्णय | खेती गरेको कृषक सबै |
| ५ | प्लाष्टिक घर निर्माण सामाग्री खरिद | व्यवसायिक कृषक, कृषक समूह, समिति, सहकारी,निजी कृषकहरु | ५० प्रतिशत वा आ.वि.स. को निर्णय | बढीमा १ कठ्ठा |
| ६ | डेलेभरी पाइप खरिद | व्यवसायिक कृषक, कृषक समूह, समिति, सहकारी,निजी कृषकहरु | ५० प्रतिशत वा आ.वि.स. को निर्णय | कम्तीमा १ कठ्ठा |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ७ | तरकारी बीउको मिनीकिट खरिद | व्यवसायिक कृषक, कृषक समूह, समिति, सहकारी,निजी कृषकहरु | १०० प्रतिशत वा आ.वि.स. को निर्णय | सबै कृषक |
| ८ | तरकारीको बीउ खरिद | व्यवसायिक कृषक, कृषक समूह, समिति, सहकारी,निजी कृषकहरु | ८० प्रतिशत वा आ.वि.स. को निर्णय | सबै कृषक |
| ९ | साना सिंचाइ पूर्वाधारहरु | व्यवसायिक कृषक, कृषक समूह, समिति, सहकारी,निजी कृषकहरु | ५० प्रतिशत वा आ.वि.स. को निर्णय | सबै कृषक |
| १० | स्याडो हावस | व्यवसायिक कृषक, कृषक समूह, समिति, सहकारी,निजी कृषकहरु | ५० प्रतिशत वा आ.वि.स. को निर्णय | सबै कृषक |
| ११ | प्राविधिक सहयोग | व्यवसायिक कृषक, कृषक समूह, समिति, सहकारी,निजी कृषकहरु | १०० प्रतिशत वा आ.वि.स. को निर्णय | सबै कृषक |

ख) अनुदान कार्यक्रम अन्तर्गत प्रस्ताव छनौट गर्दा विगत ३ वर्ष भित्र अनुदान लिइसकेको साझेदारलाई उहि कार्यक्रमका लागि पुनः छनौट गरिने छैन।

ग) अनुदानको सदुपयोग भए नभएको निरीक्षण गर्दा अनुदानको रकम दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदान ग्राहीलाई कालो सूचीमा राखि कार्बाहीको दायरामा ल्याइनेछ र सरकारी बाँकी सरह अनुदान रकम असुल उपर गरिनेछ।

## परिच्छेद-३

**५.प्रस्ताव आव्हान र पेश गर्न विधि:**

क) सम्बन्धी कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम अनुसार १५ दिने सार्वजनिक सूचना प्रकाशन गरी अनुदानमा सञ्चालन हुने कार्यक्रम सञ्चालनको लागि अनुसूचि-१ बमोजिम सूचना प्रकाशित गरी प्रस्ताव आव्हान गरिर्नेछ।



Scanned with CamScanner

ख) इच्छुक साझेदारहरुले सूचनामा उल्लेख भए बमोजिमको अवधि भित्र माग भएको कागजात सहित आवेदन दिनु पर्ने छ।

ग) रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएमा प्रस्तावहरु छनौटका लागि समावेश गरिने छैन।

घ) म्याद थप सम्बन्धी व्यवस्थाः सम्बन्धित साझेदारी कार्यक्रमको लागि दर्ता हुन आएका प्रस्तावहरु देहायको समयमा कुनै पनि कारण वस वार्षिक लक्ष्य पुग्ने गरी छनौट हुने संख्यामा दर्ता हुन नआएको खण्डमा म्याद थपको सूचना प्रकाशन गर्न सक्ने छ।

**६. प्रस्ताव छनौटः**

क) सम्बन्धित कार्यालयले बुदाँ ५ बमोजिम पेश हुन आएका प्रस्तावहरु छनौट गर्नका लागि निम्न बमोजिमको प्रस्ताव छनौट समिति गठन गर्नेछ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष वा निजले तोकेको पदाधिकारी | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य |
| भौतिक पूर्वाधार शाखा प्रमुख | सदस्य |
| लेखा शाखा प्रमुख | सदस्य |
| कृषि शाखा प्रमुख | सदस्य सचिव |

नोटः सम्बन्धित कार्यालय प्रमुखले आवश्यक ठानेमा सोही वा अन्य कार्यालयको एक जना सदस्य थप मनोयन गर्न सक्नेछ।

ख) प्रस्ताव छनौट समितिले अनुसूचि-५ बमोजिमको निर्धारित मापदण्डका आधारमा प्रस्तावहरुको मूल्याङ्कन र प्राथमिकता क्रम निर्धारित गर्नेछ।

ग) यसरी प्राथमिकता क्रम निर्धारित गर्दा बढि अंक प्राप्त गरी अग्रणी स्थान हासिल गर्न सफल प्रस्तावहरु दफा ६ (क) बमोजिमको प्रस्ताव छनौट समितिका पदाधिकारी वा सम्बन्धित कार्यालय प्रमुखले गठन गरेको कृषि शाखा मातहतका अन्य प्राविधिकहरुको कम्तीमा ३ सदस्यीय टोलीले अनुसूचि-६ बमोजिम स्थलगत प्रमाणीकरण र मूल्याङ्कन गर्ने छ।

घ) दोहोरो सुविधा लिन नपाउनेः अनुदान ग्राहीले एउटै प्रकृतिको कामको लागि संघ, प्रदेश, स्थानीय तह वा एक भन्दा बढि निकाएबाट अनुदान प्राप्त गर्न सक्ने छैन तर अन्य साझेदार निकायसँगको सम्झौता र लागत अनुदानमा साझेदारीको हिस्सा स्पष्ट उल्लेख गरिएको अवस्थामा अनुदान प्रदान गर्न बाँध्य गर्ने छैन।



Scanned with CamScanner

ख) इच्छुक साझेदारहरुले सूचनामा उल्लेख भए बमोजिमको अवधि भित्र माग भएको कागजात सहित आवेदन दिनु पर्ने छ।

ग) रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएमा प्रस्तावहरु छनौटका लागि समावेश गरिने छैन।

घ) म्याद थप सम्बन्धी व्यवस्थाः सम्बन्धित साझेदारी कार्यक्रमको लागि दर्ता हुन आएका प्रस्तावहरु देहायको समयमा कुनै पनि कारण वस  वार्षिक लक्ष्य पुग्ने गरी छनौट हुने संख्यामा दर्ता हुन नआएको खण्डमा म्याद थपको सूचना प्रकाशन गर्न सक्ने छ ।

**६. प्रस्ताव छनौटः**

क) सम्बन्धित कार्यालयले वुदाँ ५ बमोजिम पेश हुन आएका प्रस्तावहरु छनौट गर्नका लागि निम्न बमोजिमको प्रस्ताव छनौट समिति गठन गर्नेछ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष वा निजले तोकेको पदाधिकारी | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य |
| भौतिक पूर्वाधार शाखा प्रमुख | सदस्य |
| लेखा शाखा प्रमुख | सदस्य |
| कृषि शाखा प्रमुख | सदस्य सचिव |

नोटः सम्बन्धित कार्यालय प्रमुखले आवश्यक ठानेमा सोही वा अन्य कार्यालयको एक जना सदस्य थप मनोयन गर्न सक्नेछ ।

ख) प्रस्ताव छनौट समितिले अनुसूचि-५ बमोजिमको निर्धारित मापदण्डका आधारमा प्रस्तावहरुको मूल्याङ्कन र प्राथमिकता क्रम निर्धारित गर्नेछ।

ग) यसरी प्राथमिकता क्रम निर्धारित गर्दा बढि अंक प्राप्त गरी अग्रणी स्थान हासिल गर्न सफल प्रस्तावहरु दफा ६ (क) बमोजिमको प्रस्ताव छनौट समितिका पदाधिकारी वा सम्बन्धित कार्यालय प्रमुखले गठन गरेको कृषि शाखा मातहतका अन्य प्राविधिकहरुको कम्तीमा ३ सदस्यीय टोलीले अनुसूची-६ बमोजिम स्थलगत प्रमाणीकरण र मूल्याङ्कन गर्ने छ ।

घ) दोहोरो सुविधा लिन नपाउनेः अनुदान ग्राहीले एउटै प्रकृतिको कामको लागि संघ, प्रदेश, स्थानीय तह वा एक भन्दा बढि निकाएबाट अनुदान प्राप्त गर्न सक्ने छैन तर अन्य साझेदार निकायसँगको सम्झौता र लागत अनुदानमा साझेदारीको हिस्सा स्पष्ट उल्लेख गरिएको अवस्थामा अनुदान प्रदान गर्न बाँध्य गर्ने छैन ।

ङ) दफा ६ (ख) र (ग) बमोजिमको मूल्याङ्कन आवेदकले प्राप्त गरेको औषत अंकका आधारमा साझेदारीका लागि उपयुक्त ठहरेका आवेदकहरुको सूची तयार गरी प्रस्ताव छनौट समितिले अनुदानका लागि सम्बन्धित कार्यालय प्रमुख समक्ष पेश गर्नेछ ।

च) यसरी प्रस्ताव छनौट समितिले सिफारिस गरी अनुदानका लागि पेश भएका प्रस्तावहरु अनुसूचि-७ बमोजिमको गाउँपालिका कृषि विकास शाखा कार्यदलको बैठक आवश्यक जाँच बुझ गरी उपयुक्त प्रस्तावहरुको अनुमोदन गर्नेछ ।

**७. द्विपक्षीय सम्झौता:**

क) सम्बन्धित कार्यालयले दफा ६ बमोजिम छनौट भएका आवेदकहरुसँग कार्यक्रम सञ्चालन गर्नका लागि अनुसूचि-८ बमोजिमको द्विपक्षीय सम्झौता गर्नेछ ।

ख) द्विपक्षीय सम्झौतामा उल्लेखित वुदाँहरुलाई सझेदारी कार्यक्रम सञ्चालनको मुल आधार मानिनेछ ।

**८. भुक्तानी प्रक्रिया:**

क) सम्बन्धित कार्यालयले साझेदारीसँग द्विपक्षीय सम्झौता गर्दा कुन कार्यक्रम सञ्चालन गर्न कति रकम अनुदान उपलब्ध गराउने हो र सो रकम कुन विधिबाट भुक्तानी गरिन्छ भन्ने कुरा स्पष्ट खुलाउनु पर्नेछ ।

ख) अनुदान रकमको भुक्तानी कार्य सम्पन्न भए पश्चात एकमुष्ट रुपमा बैंक खाता मार्फत गरिनेछ ।

ग) सम्बन्धित साझेदारले शुरूमा आफ्नो तर्फको लगानीबाट सम्झौता अनुसारको कार्य सम्पन्न गरी बिल सहित भुक्तानीको लागि अनुरोध गरे पश्चात सम्बन्धित कार्यालयको स्थलगत निरीक्षण गरी मानसिव ठहरेमा भुक्तानी दिनेछ ।

**९.कार्यक्रम अनुगमन समिति:**

| | |
|---|---|
| क) गाउँपालिका उपाध्यक्षः | संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीः | सदस्य |
| ग) सम्बन्धित वडाका वडा अध्यक्षः | सदस्य |
| घ) कृषि विकास शाखा प्रमुखः | सदस्य सचिव |

**१०.विविध:**

Scanned with CamScanner

क) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रम कार्यान्वयनका दौरान कुनै भ्रम वा विवाद सृजना भए गाउँपालिकाको निर्णय अन्तिम हुनेछ।

ख) सम्बन्धित साझेदारले गाउँपालिका मातहतबाट हुने अनुगमन, निरीक्षण, तालिम र अवलोकन भ्रमणमा पूर्ण सहयोग गर्नु पर्नेछ।

ग) कार्यक्रम कार्यान्वयन सम्बन्धमा यस कार्यविधि उल्लेख भएको हकमा सोही बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**११. आर्थिक पक्षः**

कार्यक्रमको लेखा, लेखाङ्कन, लेखा परीक्षण तथा आर्थिक कारोबार गर्दा विद्यमान आर्थिक ऐन, नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गरिनेछ।

**१२. संशोधन तथा खारेजीः**

क) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ।

ख) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।



Scanned with CamScanner

**अनुसूचि-१**

दफा ५, खण्ड (क) सँग सम्बन्धित

प्रस्ताव आव्हानको सूचाना

पञ्चेश्वर गाउँपालिका

गाउँकार्यपालिकाको कार्यलय

कृषि विकास शाखा

आम्चौरा, बैतडी

**प्रस्ताव आव्हान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०...../...../.....

यस गाउँपालिकाको आ.व. २०...../...../..... को स्वीकृत वार्षिक कार्यक्रम अनुसारका ........ प्रतिशत अनुदानमा सञ्चालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ बमोजिम लागत साझेदारीमा सञ्चालन गर्न इच्छुक सहकारी संस्था, व्यावसायिक संघ/संगठन, फर्म, कम्पनी, निजी उद्यमी, व्यवसायी, कृषक, कृषक समूह/समितिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नहुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएमा प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र.सं. | कार्यक्रमहरु | संख्या | कुल अनुदान रकम रू. |
|---|---|---|---|
| | | | |
| | | | |

**प्रस्ताव-पत्रका साथ सम्मिलित हुनुपर्ने कागजाताहरु:**

१. आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी।

२. अनुसूचि-२ बमोजिमको संक्षिप्त व्यावसायिक कार्य योजना।

३. सम्बन्धित वडा कार्यालयको सिफारिस।

४. प्रचलित कानून बमोजिम आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता नविकरण गरेको प्रमाणित प्रतिलिपी।

५. सहकारी संस्था/व्यावसायिक संस्था/फर्म/कम्पनी/कृषक समूह/समितिको हकमा मूल्य अभिवृद्धि कर (VAT) वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र कार्यसमितिको निर्णय।

६. प्रस्तावकको लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र।

Scanned with CamScanner

## अनुसूचि-२

दफा ५, खण्ड (ख) सँग सम्बन्धित
पञ्चेश्वर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यलय
कृषि विकास शाखा
आम्चौरा, बैतडी

**....... प्रतिशत अनुदानमा सञ्चालन हुने .....................................................कार्यक्रम अवधारणाको संक्षिप्त व्यवसायिक कार्य**

### योजना

१. युवा साझेदार व्यवसायिक फर्मको नामः ..............................................................

२. सम्पर्क नः. ............................................................

३. ठेगानाः गाउँ/टोल ............. गा.पा./न.पाः. ............................... जिल्लाः....................

४. कार्यक्रम सञ्चालन हुने स्थानः.....................................................

युवा साझेदेले सञ्चालन गर्ने कार्य विवरण

| क्र.सं. | सञ्चालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग रु. | निजी लगानी रु. | जम्मा लगानी रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**नोटः** युवा साझेदारको न्यूनतम अनुदान रकम बराबरको रकम प्रस्तावित योजनामा समावेश गर्नु पर्ने छ।

कार्यक्रमको प्रकारः

दैनिक कारोबारः

व्यवसायको लागि श्रमको व्यवस्थापनः

क) पारिवारिकः महिला संख्या.......... पुरुष संख्या........

ख) बाहिरबाटः महिला संख्या.......... पुरुष संख्या........

ग) जम्माः महिला संख्या.......... पुरुष संख्या........

अपेक्षित वार्षिक प्रतिफलः

युवा/साझेदारी व्यवसायी सञ्चालकको तर्फबाट सही गर्नकोः

नामः

संस्थाको छापः

दस्थखतः



Scanned with CamScanner

## अनुसूचि-३

दफा ५, खण्ड (ख) सँग सम्बन्धित

### लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र

श्री पञ्चेश्वर गाउँपालिका, कृषि विकास शाखाको मिति २०...../...../..... मा प्रकाशित सूचना अनुसार पञ्चेश्वर गाउँपालिका वडा नं.......... गाउँ/टोल बस्ने श्री ............................ ले लागत साझेदारीमा...................... .................. कार्यक्रम सञ्चालनका लागि पेश गरेको आर्थिक प्रस्ताव अनुसार कुल लगानी रु................ को ....... प्रतिशतले हुन आउने रू..............। अक्षेरुपी...................................................................... बराबरको लगानी आफ्नो आन्तरिक स्रोतबाट व्यहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

| दायाँ | बायाँ |
|---|---|
| | |

निवेदकको:

दस्तखतः

नामः

मितिः

**<u>अनुसूचि-४</u>**

दफा ५, खण्ड (ख) सँग सम्बन्धित

**सिफारिस पत्र**

श्री पञ्चेश्वर गाउँपालिका, कृषि विकास शाखाको मिति २०...../...../..... मा प्रकाशित सूचना अनुसार पञ्चेश्वर गाउँपालिका वडा नं........... गाउँ/टोल बस्ने श्री ............................ ले लागत साझेदारीमा.......................

.................. कार्यक्रम सञ्चालनका लागि पेश गरेको विवरण सही रहेको र निज उक्त कार्यक्रम सञ्चालनका लागि उपयुक्त भएकोले निजको प्रस्ताव छनौट प्रकृयामा संलग्न गरिदिनु हुन सिफारिस गरिएको व्यहोरा अनुरोध गर्दछु ।

निवेदकको:

दस्तखत:

नाम:

मिति:



Scanned with CamScanner

## अनुसूचि-५

दफा ५, खण्ड (ख) सँग सम्बन्धित

### अनुदान कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन-पत्र

श्रीमान प्रमुख जयू
पञ्चेश्वर गाउँपालिकाको कार्यालय
आम्चौरा, बैतडी

विषयः ..... प्रतिशत अनुदानम .................................. कार्यक्रम उपलब्ध गराई दिने बारे ।

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी................................................ कार्य गर्न तिब्र इच्छा भएकोले निम्नानुसार कागजात राखि निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार पञ्चेश्वर गाउँपालिका भित्र रही कार्य गर्दछु ।

**पुनश्चः तपसिल अनुसारक कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।**

## अनुसुची-६

दफा ६ खण्ड (ख) सँग सम्बन्धित

**प्रस्ताव मुल्याङ्कन फारम**

| क्र.स. | मुल्याङ्कनका आधारहरु | भार (प्रतिशत) | प्राप्तांक |
|---|---|---|---|
| १ | **आवेदक सम्बन्धि** | | |
| **१.१** | **संस्थाको उमेर** | **१०** | |
| १.१.१ | ३ वर्ष भन्दा घटी | २ | |
| १.१.२ | ३ वर्ष देखी ५ वर्ष | ४ | |
| १.१.३ | ६ वर्ष देखी ८ वर्ष | ६ | |
| १.१.४ | ९ वर्ष देखी ११ वर्ष | ८ | |
| १.१.५ | १२ वर्ष भन्दा माथि | १० | |
| **१.२** | **कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पुर्वाधारको अवस्था** | **१५** | |
| १.२.१ | सडक सुविधा भएको | २ | |
| १.२.२ | पक्कि सडक भएको | २ | |
| १.२.३ | विजुलीको सुविधा भएको | २ | |
| १.२.४ | खानेपानी सुविधा भएको | २ | |
| १.२.५ | जग्गाको स्वमित्व आफ्नै भएको | २ | |
| १.२.६ | आफ्नै स्वामित्व भवन,सवारी साधन,यन्त्र उपकरण भएको | ५ | |
| **१.३** | **प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम** | **१०** | |
| १.३.१ | ७ दिन अवधि सम्मको तालिम | २ | |
| १.३.२ | ७ देखी १५ दिने अवधिको तालिम | ४ | |
| १.३.३ | १६ देखी ३० दिने अवधिको तालिम | ६ | |
| १.३.४ | १ देखि ३ महिनास को तालिम | ८ | |
| १.३.५ | ३ महिना भन्दा बढि अवधिको तालिम | १० | |
| **१.४** | **वित्तिय क्षमता** | **४** | |
| १.४.१ | साझेदारीको प्रतिबद्धता सामेल भएको | २ | |
| १.४.२ | अन्य निकायबाट पनि साझेदारी हुने प्रतिबद्धता भएको | २ | |
| **१.५** | **प्रत्यक्ष लाभान्वित संख्या** | **५** | |
| १.५.१ | ५ जना सम्म | १ | |

| | | | |
|---|---|---|---|
| १.५.२ | ६ देखी १० जना सम्म | २ | |
| १.५.३ | ११ देखी १५ जना सम्म | ३ | |
| १.५.४ | १६ देखी २० जना सम्म | ४ | |
| १.५.५ | २१ जना भन्दा बढि | ५ | |
| **१.६** | **अप्रत्यक्ष लाभान्वित संख्या** | **१०** | |
| १.६.१ | ५० जना सम्म | २ | |
| १.६.२ | ५१ देखी १०० जना सम्म | ४ | |
| १.६.३ | १०१ देखी १५० जना सम्म | ६ | |
| १.६.४ | १५१ देखी २०० जना सम्म | ८ | |
| १.६.५ | २०१ जना भन्दा बढि | १० | |
| **१.७** | **वातावरणीय उपयुक्तता** | **६** | |
| १.७.१ | प्रस्तावित कार्यक्रमको वातावरणीय प्रभाव आंकलन गरिएको | ३ | |
| १.७.२ | वातावरणीय प्रभाव न्युनिकरणका उपायहरु सामेल गरिएको | ३ | |
| **१.८** | **अन्य पक्षहरू** | **१५** | |
| १.८.१ | विगतका सम्पादित काम र प्रस्तवित कार्यक्रम बीच तालमेल रहेको | ५ | |
| १.८.२ | संस्थाको अवस्थिती र प्रस्तावित कार्यक्रम सञ्चालन स्थल बीचको तादम्यता | ५ | |
| १.८.३ | थप रोजगारी सृजना संख्या | ५ | |
| **१.९** | **स्वीकृत कार्यविधिका अनुसारका थप आधारहरू** | **२५** | |
| १.९.१ | आवेदक संस्थाको किसिम र सूचना मुताविक सम्बन्धित कार्यालयको प्राथमिकता मेल खाने | ५ | |
| १.९.२ | प्राविधिक र आर्थिक प्रस्तावको गुणस्तर | ५ | |
| १.९.२.१ | प्राविधिक प्रस्तावको गुणस्तर | २.५ | |
| १.९.२.२ | आर्थिक प्रस्ताव गुणस्तर | २.५ | |
| १.९.३ | व्यवसायिक कार्ययोजनाको स्पष्टता | ५ | |
| १.९.३.१ | गाउँपलिकाको फर्म्याट | ३ | |
| १.९.३.२ | कार्ययोजनाको विवरण | २ | |
| १.९.४ | मुनाफा र समविनदुको आधरमा उपयुक्तता र दिगोपन | ५ | |
| १.९.५ | पेश भएका विवरणहरुको विश्वसनीयता | ५ | |
| १.९.५.१ | वडा कार्यालयको सिफारिस | १ | |

| | | | |
|---|---|---|---|
| १.९.५.२ | आधिकारीक निकायमा दर्ता नविकरण | २ | |
| १.९.५.३ | कर चुक्ताको प्रमाण पत्र | २ | |
| | जम्मा | १०० | |

पञ्चेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आम्दीरा, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल



Scanned with CamScanner

<u>अनुसूची-७</u>

दफा ६ खण्ड (ग) सँग सम्बन्धित

## स्थलगत प्रमाणीकरण मुल्याङ्कन फारम

### क) सामान्य जानकारी

१) जिल्लाः

२) आवेदकको नामः

३) कार्यक्रम सञ्चालन स्थलको ठेगानाः

४) प्रस्तावित कार्यक्रमको नामः

५) स्थलगत प्रमाणीकरण मितिः

६) स्थलगत प्रमाणीकरणमा संलग्न पदाधिकारीको विवरणः

| क्र.स. | नाम | पद |
|---|---|---|
| | | |
| | | |
| | | |

### ख) आवेदकको मूल्याङ्कन

| क्र.स. | विवरण | प्रमाणीकरणमा भेटिएको अवस्था र भार | प्रप्तांक |
|---|---|---|---|
| १ | **भैतिक क्षमता** | ३० | |
| १.१ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन आवेदकको आफ्नै स्वामित्वको छ छैन | | |
| १.२ | प्रसतावित कार्यक्रम सञ्चालन गर्न पर्याप्त जग्गा छ छैन | | |
| १.३ | भविष्यमा विस्तारका लागि जग्गा उपलब्ध हुना सक्ने सम्भावना छ / छैन | | |
| १.४ | बाढि पहिरोले [illegible] सम्भावना छ छैन | | |
| १.५ | कार्यक्रम कार्यान्वयन [illegible] पानी , बिजुलीको [illegible] | | |
| १.६ | भैगोलिक [illegible] प्रस्तावित [illegible] | | |

Scanned with CamScanner

## अनुसूची-७

दफा ६ खण्ड (ग) सँग सम्बन्धित

### स्थलगत प्रमाणीकरण मुल्याङ्कन फारम

### क) सामान्य जानकारी

१) जिल्लाः

२) आवेदकको नामः

३) कार्यक्रम सञ्चालन स्थलको ठेगानाः

४) प्रस्तावित कार्यक्रमको नामः

५) स्थलगत प्रमाणीकरण मितिः

६) स्थलगत प्रमाणीकरणमा संलग्न पदाधिकारीको विवरणः

| क्र.स. | नाम | पद |
|---|---|---|
| | | |
| | | |
| | | |

### ख) आवेदकको मूल्याङ्कन

| क्र.स. | विवरण | प्रमाणीकरणमा भेटिएको अवस्था र भार | प्राप्तांक |
|---|---|---|---|
| **१** | **भैतिक क्षमता** | ३० | |
| १.१ | कार्यक्रम कार्यान्वयन स्थलको जगगा वा भवन आवेदकको आफ्नै स्वामित्वको छ / छैन | | |
| १.२ | प्रसतावित कार्यक्रम सञ्चालन गर्न पर्याप्त जगगा छ / छैन | | |
| १.३ | भविष्यमा विस्तारका लागि जग्गा उपलब्ध हुना सक्ने सम्भावना छ / छैन | | |
| १.४ | बाढि पहिरोले क्षति पुर्याउन सक्ने सम्भावना छ / छैन | | |
| १.५ | कार्यक्रम कार्यान्वयन स्थलमा बाटो, पानी , विजुलीको सुविधा छ / छैन | | |
| १.६ | भैगोलिक हिसाबले उक्त स्थानमा प्रस्तावित कार्यक्रम सञ्चालन गर्न उपयुक्त | | |



पञ्चेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, आम्चौरा, बैतडी, सुदूरपश्चिम प्रदेश, नेपाल

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | छ / छैन | | |
| २ | **प्राविधिक क्षमता** | १५ | |
| २.१ | प्रस्तावित कार्यक्रमसँग मेल खाने क्रियाकलापमा हाल संलग्नता छ / छैन | | |
| २.२ | आवश्यक प्राविधिक सेवाटेवा प्राप्त हुन सक्ने अवस्था छ / छैन | | |
| २.३ | आवेदक सम्बन्धित विषयको तालिम/अनुभव प्राप्त छ /छैन | | |
| ३ | **वित्तिय क्षमता** | १५ | |
| ३.१ | आवेदकले आवस्यक लागत साझेदारी गर्न सक्ने अवस्था छ / छैन | | |
| ३.२ | बैंक मौज्दात वा हाल संचालित कारोबारको वचत छ / छैन | | |
| ३.३ | आवश्यक रकम वित्तिय संस्थाबाट ऋण प्राप्त गर्न सक्ने अवस्था छ /छैन | | |
| ४ | **वातावरणीय उपयुक्तता** | १० | |
| ४.१ | प्रस्तावित कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय बासिन्दाबाट बिरोध हुन सक्ने अवस्था छ / छैन | | |
| ४.२ | प्रस्तावित कार्यक्रमले वातावरणमा नकरात्मक असर पुग्न सक्ने अवस्था छ / छैन | | |
| ५ | **अन्य पक्ष** | २० | |
| ५.१ | संस्थागत/व्यवसायिक क्रियासिलता सन्तोसजनक छ / छैन | | |
| ५.२ | दर्ता /नविकरण /कर चुक्ता /अडिट आदि अध्यावधिक छ / छैन | | |
| ५.३ | आवश्यक कच्चा पदार्थ प्राप्त हुन सक्ने अवस्था छ / छैन | | |
| ५.४ | उत्पादित वस्तुको सहज बजारिकरण हुन | | |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | सक्ने अवस्था छ / छैन | | |
| ६ | **स्थलगत प्रमाणीकरण टोलीको राय** | १० | |
| ६.१ | आवेदकसँग लागत साझेदारी गर्न उपयुक्त छ / छैन | | |
| | जम्मा | १०० | |

नोटः माथी उल्लेखित प्रत्यक बुदाँको स्थलगत प्रमाणीकरणमा सकारात्मक अवस्था भेटिए ५ अंक र नकारात्मक अवस्था भेटिए ० अंक प्रदान गर्ने। उत्रिर्ण हुनका लागि न्युनतम ४० अंक प्राप्त गर्नु पर्ने

**ग) आवेदकसँग विद्यामान भवन,सवारी साधन, ठुला मेशिनरी र उपकरणहरुको विवरण**

| क्र.स. | विवरण | संख्या | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

घ) स्थलगत प्रमाणीकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने

१.

२.

३.

**ङ) स्थलगत प्रमाणीकरणमा टोलीको राय**

स्थलगत प्रमाणीकरणमा भेटिएका तथ्यहरुको आधारमा आवेदकसँग लागत साझेदारी गरी प्रस्तावित कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुन्छ /हुदैन भनी राय पेश गर्ने।

| क्र.स. | नाम | हुन्छ / हुदैन | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |



Scanned with CamScanner

## अनुसूचि-८

दफा ८ उपदफ (क) सँग सम्बन्धित

### ...............अनुदानमा सञ्चालन हुने कार्यक्रमको द्धिपक्षीय सम्झौता पत्र

पञ्चेश्वर गाउँपालिका ,गाउँ कार्यपालिकाको कार्यालय,आम्चौरा, बैतडी आर्थिक वर्ष .............. को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा................................... कार्यक्रम सञ्चालन गर्न श्री पञ्चेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, आम्चौरा, बैतडी (यस पछि प्रथम पक्ष भनिने) र श्री ........................................................(यस पछि दोस्रो पक्ष भनिने) बीच तपसिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी द्धिपक्षीय सम्झौता गरिदियौ /लियौ ।

## तपासिल

१.दोस्रो पक्षले प्रस्तावमा पेश गरे बमोजिमको कार्यक्रम यसै आर्थिक दोस्र चौमासिक अवधि भित्र सम्पन्न गर्नेछ ।

२. कार्यक्रम सञ्चालनका लागि आवश्यक खरिद कार्य, ढुवानी र सञ्चालन आदिको व्यवस्था दोस्रो पक्षले गर्ने छ ।

३.दोस्रो पक्षले प्रस्तावमा प्रस्तावित कार्य सम्पन्न गरी सकेपछि नियमानुसारको बिल, कार्य सम्पन्न प्रतिवेदन र आवस्यक अन्य कागजात सहित भुक्तानीको लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मानसिव ठहरे दोस्रो पक्षको बैकं खातामा एकमुष्ठ भुक्तनी दिनेछ ।

४. प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन / निरीक्षण गरी सम्झौता मुताविक कार्य भए /नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्ने छ।

५. दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नेछ ।

६.कार्यक्रम सञ्चालनको दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन,मर्मत संभार,व्यावस्थापन,जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्यासित रुपमा सृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।



Scanned with CamScanner

७.कार्यक्रम सञ्चालनको दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुबै पक्षको आपसि सहमति अनुसार हुनेछ।

८. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानुन र दुबै पक्षको आपसी सहमती अनुसार हुनेछ।

९.दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको सामान खरिद गर्नु पूर्व प्रथम पक्षसँग स्वीकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ। यसो नगरेको खण्डमा प्रथम पक्ष रकम भुक्तनी दिन बाध्य हुने छैन।

| **दोस्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
| --- | --- |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयको छापः | |

**रोहवर**

| | |
| --- | --- |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| कार्यालयको छापः | कार्यालयको छापः |

इति सम्वत ......................... साल....................माहिना ................गते रोज...................शुभम्



Scanned with CamScanner

# अनुसूचि-९

दफा ६ खण्ड (ङ) सँग सम्बन्धित

**गाउँपालिका कृषि विकास कार्यदलमा रहने पदाधिकारीहरू**

| | |
|---|---|
| अध्यक्ष, गाउँपालिका | संयोजक |
| उपाअध्यक्ष, गाउँपालिका | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका | सदस्य |
| प्रमुख आर्थिक विकास समिति | सदस्य |
| शाखा प्रमुख, कृषि शाखा | सदस्य |
| शाखा प्रमुख, महिला तथा बालबालिका | सदस्य |
| अध्यक्ष, गाउँपालिकामा कृषि सहकारी मध्ये बाट १ जना | सदस्य |
| व्यवसायिक कृषक मध्ये बाट १ जना | सदस्य |
| शाखा प्रमुख, पशु विकास शाखा | सदस्य |
| जम्मा | ९ जना |

प्रमाणीकरण मितिः २०८१/०८/१९

.............................
गोरख बहादुर चन्द
गाउँपालिका अध्यक्ष

गोरख बहादुर चन्द
अध्यक्ष
पञ्चेश्वर गाउँपालिका



Scanned with CamScanner